# आकाशवाणी समाचार- नेपाली

मितिः ०२ नोभेम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मु आजदेखी तीन दिनको यात्राका लागि उत्तराखंड जानुहुनेछ।
- प्रधान मन्त्री नरेन्द्र मोदीले आज आरा र नवादामा र्यालीहरूलाई सम्बोधन गर्नुहुनेछ।
- बहरीनका विदेश मंत्री अब्दुल्लातिफ बिन राशिद अलजयानी भारतको दुइ दिन यात्राको क्रममा आज नयाँ दिल्ली आइपुग्नु हुनेछ।
- अमरीकाका राष्ट्रपति डॉनल्ड ट्रंपले रक्षा विभागलाई नाईजीरियामा संभावित सैन्य कार्यवाहिको आदेश दिनु भएको छ।
- आईसीसी महिला क्रिकेट विश्व कपको फाइनलमा आज भारतको भिडन्त दक्षिण अफ्रीकासित हुनेछ।

**राष्ट्रपति - दौरा**

राष्ट्रपति द्रौपदी मुर्मु आजदेखी तीन दिनको यात्राका लागि उत्तराखंड जानुहुनेछ। **राष्ट्रपति आज हरिद्वारमा पतंजलि विश्वविद्यालयको दोस्रो दीक्षांत समारोहमा सामेल हुनुहुनेछ।** राष्ट्रपतिले भोलि उत्तराखंड राज्यको रजत जयंतीको अवसरमा देहरादूनमा उत्तराखंड विधानसभालाई संबोधित गर्नुहुनेछ। त्यसपछि, उहाँ नैनीतालमा राजभवन स्थापनाको 125 वर्ष पुरा भएको अवसरमा एक समारोहमा पनि सामेल हुनुहुनेछ। मंगलवार राष्ट्रपति कैंची धाम स्थित नीम करोली बाबा जानुहुनेछ। त्यसपछि, उहाँ नैनीताल स्थित कुमाऊं विश्वविद्यालयको 20 औ दीक्षांत समारोहमा पनि सामेल हुनुहुनेछ।

**प्रधानमंत्री-बिहार**

प्रधानमंत्री नरेंद्र मोदीले भोलि बिहारमा दुइ चुनावी सभाहरुलाई संबोधित गर्नुहुनेछ। पहिलो सभा दिउसो एक बजेर 30 मिनटमा आरामा हुनेछ। यसैगरी दोस्रो रैली दिउसो तीन बजेर 30 मिनटमा नवादामा हुनेछ। प्रधानमंत्री बेलुकी पटना पुग्नुहुनेछ, जहां उहाँले पांच बजेर 25 मिनटमा राष्ट्रकवि रामधारी सिंह दिनकरको प्रतिमामा पुष्पांजलि अर्पित गर्नुहुनेछ। श्री मोदी बेलुकी पांच बजेर 30 मिनटमा राजग उम्मीदवारहरुको समर्थन मा पटनामा एक भव्य रोड शोमा भाग लिनुहुनेछ। रोड शो पछि प्रधानमंत्री पटना सिटी स्थित तख्त श्री हरिमंदिर साहिब गुरुद्वारा जानु हुनेछ। प्रधानमंत्रीको कार्यक्रमहरु बाहेक, केंद्रीय गृह मंत्री अमित शाह मुजफ्फरपुर अनि वैशालीमा रैलिहरुलाई संबोधित गर्नुहुनेछ। त्यही, लोकसभामा विपक्षका नेता राहुल गांधी बेगूसराय अनि खगड़ियामा दुइ रैलिहरुलाई संबोधित गर्नुहुनेछ, जबकि महागठबंधनका मुख्यमंत्री पदका उमेदवार तेजस्वी यादव, पटना, वैशाली अनि सारणमा धेरै चुनावी रैलिहरुमा सामेल हुनुहुनेछ।

**आकाशवाणी संगीत सम्मेलन**

प्रसार भारतीले आजदेखि संस्कृति मंत्रालयको सहयोगमा आकाशवाणी संगीत सम्मेलनको 67 औ संस्करणको आयोजन गर्नेछ। यो सम्मेलन 29 नवंबरसम्म चल्ने छ।

सूचना अनि प्रसारण मंत्रालयले भनेको छ, आकाशवाणी संगीत सम्मेलनको शुरूआत 1954 मा भएको थियो अनि यो भारतको

प्रख्यात सांस्कृतिक परंपराको प्रतीक हो। यसमा देशभरीका श्रोताहरुलाई हिन्दुस्तानी, कर्नाटक अनि लोक संगीत श्रावन गर्न सक्ने छन्। यो सम्मेलन भारतको समृद्ध संगीत परंपरालाई संरक्षण गर्न अनि प्रोत्साहन दिन तथा यसलाई लोकप्रिय बनाउनमा महत्वपूर्ण भूमिका निभाउने छ।

प्रसार भारतीका मुख्य कार्यकारी अधिकारी गौरव द्विवेदीले सम्मेलनको विस्तृत जानकारी दिनु हुँदै बताउनु भयो, कोविड-19 महामारीका कारण केही अंतरालपछि यो महोत्सव नयाँ स्वरूपमा फर्किएको छ। यस वर्षको सम्मेलनमा प्रत्येक केंद्रमा दुइ कार्यक्रम हुनेछ। जसमा एक भारतीय शास्त्रीय संगीत अनि दोस्रो लोक संगीतलाई समर्पित हुनेछ। पणजी अनि शिलांगमा विशेष पश्चिमी शास्त्रीय संगीतको प्रस्तुति हुनेछ, जसले भारतिय संगीतको क्षेत्रीय विविधतालाई प्रदर्शित गर्दछ।

**बहरीन -विदेश मंत्री भारत यात्रा**

बहरीनका विदेश मंत्री अब्दुल्लातिफ बिन राशिद अलजयानी भारतको दुइ दिन यात्राको क्रममा आज नयाँ दिल्ली आइपुग्नु हुनेछ। उहाँले विदेश मंत्री सुब्रह्मण्यम जयशंकरसित भेंट गर्नुहुनेछ। श्री अलजयानीको यस यात्रा पछिलो वर्ष दिसंबरमा डॉ. जयशंकरको बहरीन यात्रापछि भइरहेको छ। पछिलो वर्षको यात्रा अवधि, डॉ. जयशंकरले भारत-बहरीन संयुक्त आयोगको चौथो बैठकको सह-अध्यक्षता गर्नुभयो। दुवै देश शिक्षा क्षेत्रमा द्विपक्षीय सहयोग विस्तार गर्नमा सहमत भएको थियो। वाणिज्य दूतावास संबंधी मुद्दामा सहयोग बढाउनमा पनि सहमति बनेको थियो। भारत अनि बहरीन बीच सौहार्दपूर्ण राजनीतिक, आर्थिक, सांस्कृतिक अनि जनताहरु बीच आपसी संपर्कको विशेषता भएको उत्कृष्ट द्विपक्षीय संबंध छ। श्री अलजयानी भोलि भारतबाट स्वदेश फर्कनु हुनेछ।

**इसरो-सीएमएस-03**

भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो) ले आज साँझ ५ बजेर २६ मिनेटमा देशको सबैभन्दा भारी सञ्चार उपग्रह सीएमएस–०३ प्रक्षेपण गर्ने भएको छ ।यो प्रक्षेपण आन्ध्र प्रदेशको श्रीहरिकोटास्थित सतीश धवन अन्तरिक्ष केन्द्रबाट गरिनेछ । CMS-03 एक बहु-ब्यान्ड सैन्य संचार उपग्रह हो, जसलाई GSAT-7R पनि भनिन्छ। यसलाई देशको सबैभन्दा शक्तिशाली रकेट लोच भेहिकल मार्क ३ बाट प्रक्षेपण गरिनेछ । इसरोले भनेको छ कि उपग्रहले भारतीय भूमिसहित समुद्री क्षेत्रमा विस्तृत सेवा प्रदान गर्नेछ। एलभीएम ३ रकेट भारतको सबैभन्दा भारी प्रक्षेपण यान हो र यसले ४ हजार किलोग्रामसम्मको भार अन्तरिक्षमा लैजान सक्छ । यसले चन्द्रयान-३ जस्ता चन्द्रमा मिशनहरू सफलतापूर्वक प्रक्षेपण गरेको छ, जसले भारत चन्द्रमाको दक्षिणी ध्रुव नजिक सफलतापूर्वक अवतरण गर्ने पहिलो देश बनेको छ। सीएमएस-०३ उपग्रहले नौसेनाको कनेक्टिभिटीलाई बढावा दिनेछ। यसले उच्च क्षमताको ब्यान्डविथ पनि प्रदान गर्नेछ जसले दुर्गम क्षेत्रहरूमा डिजिटल पहुँचमा सुधार गर्नेछ।

**तेलंगाना- डीआरडीएल**

प्रख्यात वैज्ञानिक अंकथी राजूलाई रक्षा अनुसंधान एवं विकास प्रयोगशाला हैदराबादको निदेशक नियुक्त गरिएको छ । उहाले भारतीय प्रक्षेपास्त्र विकास प्रयोगशालाको निदेशकको पनि पदभार ग्रहण गर्नुभएको छ । श्री अंकथी राजूले उस्मानिया यूनिवर्सिटी कॉलेज ऑफ इंजीनियरिंग, हैदराबादबाट मैकेनिकल इंजीनियरिंगमा बीई अनि आई.आई.टी. बंबईबाट वैमानिकी इंजीनियरिंगमा एम.टेक गर्नुभएको छ । आधिकारिक विज्ञप्ति अनुसार, बितेको तीन दशकमा श्री राजूले ठोस ईंधन डक्टेड रैमजेट प्रोपल्जन प्रणालीको सफल प्रदर्शन, मिसाइलहरुको लागी लिक्विड प्रोपल्जन प्रणालिहरुको डिजाइन अनि विकासमा महत्वपूर्ण योगदान दिनुभएको छ जसमा पृथ्वी, अग्नि, पी.ए.डी., पी.डी.वी., मिशन शक्ति, प्रतिक्रिया नियंत्रण प्रणाली, वायु रक्षाको इंटरसेप्टर अनि एक्सियल फ्लो कंप्रेसरको डिजाइन अनि विकास सामेल छन् ।

**जीएसटी सुधार - स्टेशनरी**

नरेन्द्र मोदी सरकार द्वारा विभिन्न क्षेत्रहरुमा जीएसटी दर घटाइएपछि, 22 सितम्बरको दिन शुरू भएको जीएसटी बचत उत्सवले देशभरीका नागरिकहरुलाई लाभ भइरहेको छ। यस क्रममा आज हामी तपाईलाई जानकारी दिइरहेका छौ कि नयाँ

पीढ़ीको जीएसटी सुधारले स्टेशनरी क्षेत्रलाई कसरी लाभ भइरहेको छ।

**सऊदी अरब-गीता महोत्सव**

साउदी अरबको **राजधानी रियादमा भारतीय दूतावास** 'प्रवासी परिचय **२०२५' को एक हिस्साको रुपमा** सोमबार **'गीता महोत्सव'** आयोजना गर्ने भएको छ । यो भारतको समृद्ध सम्पदालाई प्रदर्शन गर्ने सांस्कृतिक पर्व हो। अक्टोबर २८ मा सुरु भएको **प्रवासी परिचयको तेस्रो संस्करणमा** राज्य-आधारित प्रदर्शन, कला र संगीतको माध्यमबाट भारतको सांस्कृतिक विविधताको जश्न मनाउने छ । प्रवासी परिचय का समापन गीता महोत्सवको साथ हुनेछ , जो महाभारतको पृष्ठभूमिमा आधारित एक संगीत नाटक हो । यसले भगवद् गीताको शाश्वत ज्ञानलाई दर्शाउने छ ।

**अमरीका-नाईजीरिया**

अमरीकाका राष्ट्रपति डॉनल्ड ट्रंपले रक्षा विभागलाई नाईजीरियामा संभावित सैन्य कार्यवाहिको आदेश दिनु भएको छ। उहाँले आरोप लगाउनु भएको छ, नाईजीरियामा ईसाइहरु बिरुद्ध हिंसा भइरहेको छ । सोशल मीडिया पोस्टमा श्री ट्रंपले भन्नुभयो, यदी नाईजीरिया इसाईहरुको हत्या बिरुद्ध कार्यववाही गर्दैन भने नाईजीरियालाई हाल प्रधान भइरहेको सबै सहायता तत्काल बंद गरिने छ। अमरीकाले अंतर्राष्ट्रीय धार्मिक स्वतंत्रता नियम अंतर्गत नाईजीरियालाई **कंट्री ऑफ पर्टिकुलर कंसर्न** घोषित गरेको छ।
यसै बीच, नाईजीरियाका राष्ट्रपति बोला अहमद तिनुबूले भन्नुभयो नाईजीरिया धार्मिक स्वतंत्रता अनि सहिष्णुता बनाए राख्न प्रतिबद्ध छ।

**केन्या**

केन्यामा मूसलाधार वर्षाका कारण भएको भूस्खलनमा मृतकहरुको संख्या 21 भएको छ। यो घटना केन्याको पश्चिमी भाग मराकवेट ईस्टमा भएको हो। केन्याका गृहमंत्री किपचूंबा मर्कोमैनले सोशल मीडिया पोस्टमा बताए अनुसार 30 जना अझै पनि बेपता छ, जबकि 25 गंभीर रूपले घाइते भएको छ। केन्याको रेड क्रॉस राहत अनि बचाव कार्यहरुमा सहयोग गरिरहेको छ।

**महिला क्रिकेट फाइनल**

आईसीसी महिला क्रिकेट विश्व कपको फाइनलमा आज भारतको भिडन्त दक्षिण अफ्रीकासित हुनेछ। मैच नवी मुंबईको डी वाई पाटिल स्टेडियममा दिउसो तीन बजे शुरू हुनेछ।भारतले सेमीफाइनलमा ऑस्ट्रेलियालाई 5 विकेटले हराएर फाइनलमा प्रवेश गरेको हो। दक्षिण अफ्रीकाले इंग्लैंडलाई 125 रनले हराएर खिताबी म्याचमा स्थान बनाएको हो। दुवै टीमले हालसम्म विश्व कप खिताब जितेका छैन। भारतीय टीम तेस्रो चोटी विश्व कपको फाइनल खेलने छ। दक्षिण अफ्रीकाको यो पहिलो विश्व कप फाइनल हो।

**मौसम**

मौसम विभागले आज अंडमान अनि निकोबार द्वीप समूहमा भारी वर्षा अनि गर्जन साथ आंधीहुरी चल्ने अनुमान व्यक्त गरेको छ । गुजरात अनि मध्य प्रदेशको केही भागहरुमा दिउसो वर्षा हुने अनि बिजुली चम्किने आशंका छ ।

****** ० ******